नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

प.सं.:
च.नं.:

९७७-१-४२११५१६
९७७-१-४२११५३१
फ्याक्स : ९७७-१-४२११५१०
सिंहदरबार, काठमाण्डौ

# प्रेस विज्ञप्ति

नेपाल-भारत विद्युत आदान प्रदान समिति (Power Exchange Committee) को सोह्रौं बैठक मिति २०८१।१०।३० तदनुसार फेब्रुअरी १२, २०२५ मा भारतको नयाँ दिल्लीमा सम्पन्न भएको र उक्त बैठकमा विभिन्न भोल्टेज लेभेलहरुमा आ.व. २०२४/२५ को विद्युत आदान प्रदान दरको तुलनामा आ.व. २०२५/२६ का लागि १.५% मूल्यवृद्धि गर्ने सहमति भएको भन्ने जानकारी अनौपचारिक रुपमा विभिन्न संचार माध्यमहरुबाट प्राप्त भएको सन्दर्भमा मिति २०८१।११।१३ मा नेपाल विद्युत प्राधिकरणको नामबाट तहाँका प्रवक्ताले जारी गरेको प्रेस विज्ञप्तिबाट समेत सो को पुष्टयाई हुन आएकोमा उक्त विज्ञप्ति मार्फत प्रसारित गलत सूचना प्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ।

प्राधिकरणको नामबाट जारी उक्त विज्ञप्तिमा "ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री माननिय श्री दिपक खड्का र सचिव श्री सुरेश आचार्य सोही समयमा भारत भ्रमणमा रहेको बेला दुवै जनासँग छलफल गरी नयाँ दर तय गर्ने विषयमा म्याण्डेट लिइएको थियो।" भन्ने प्रमाणहिन, कपोकल्पित र भ्रामक सूचना उल्लेख गरी नेपाल सरकार र सर्वसाधारण समेतलाई गुमराहमा राख्ने प्रयास गरिएको पाइयो। नेपालको तर्फबाट उक्त विद्युत आदान प्रदान समितिको प्रतिनिधिमण्डलको नेतृत्व गरेका नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशकले स्वदेशमा रहँदा वा माननीय मन्त्रीज्यू एवं सचिवज्यू नयाँ दिल्लीमा रहनु हुँदाका वखतमा समेत मूल्यवृद्धिको सहमति गर्न कुनै पनि प्रकारको स्वीकृति नलिई विद्युत आयातको दर वृद्धि गर्ने सहमति स्वरुप Minutes of Meeting मा हस्ताक्षर गर्नुभएको बुझिन आएको छ। त्यसरी अर्को देशसँगको द्विपक्षीय बैठकमा जाँदा पूरा गर्नुपर्ने प्रक्रियागत कार्यहरु पूरा नगरी आफ्नो गल्तीलाई ढाकछोप गर्ने मनशायले नीजले माननीय मन्त्रीज्यू र सचिवज्यूको नामै उल्लेख गरी नयाँ दर तय गर्ने विषयमा 'म्यान्डेट' लिएको भनी झुठा विवरण लेखी/लेखाई गम्भीर, पदीय मर्यादाका हिसाबले अत्यन्त अशोभनीय र गैरजिम्मेवार कार्य गरेको हुँदा नीजको दावीमा कुनै सत्यता नरहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यसै विज्ञप्ति मार्फत सूचित गरिएको छ।

प्रवक्ता
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

मिति: २०८१।११।२८